नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूले सार्वजनिक सेवा उपलब्ध गराए बापत प्रचलित कानून बमोजिम तोकिएको शुल्क एवं दस्तुर बाहेक अन्य कुनै पनि संघ, संस्था, संगठन तथा कार्यका लागि कुनै किसिमको अतिरिक्त सेवा शुल्क एवं दस्तुर नलिने व्यवस्था मिलाउने ।

२. सबै कार्यालयहरूले कार्यालयमा सेवाग्राहीहरूको भिडभाड नहुने सुनिश्चतता गरी भौतिक दूरी कायम एवं जनस्वास्थ्यका मापदण्डहरू पूर्ण पालना गरी, गराई सेवा प्रवाहको व्यवस्था मिलाउने ।

३. कार्यालयहरूले आयोजना गर्नुपर्ने गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने ।

४. अग्रपंक्तिमा रहने कर्मचारीहरूले तत्काल अतिरिक्त खोप (Booster Dose) लगाउने र क्रमश: सबै कर्मचारीहरूले समेत लगाउने ।

५. संवत् २०७८ साल माघ ७ गतेदेखि लागू हुने गरी सेवाग्राहीहरूलाई कार्यालयमा प्रवेश गराउँदा वा सार्वजनिक सेवा प्रदान गर्दा सम्बन्धित कार्यालयहरूले कोभिड विरूद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने व्यवस्था मिलाउने ।

६. जुनसुकै सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी कोभिड-१९ बाट सङ्क्रमित भएमा अस्पताल बसेकोमा अस्पतालबाट डिस्चार्ज भएको तीन दिनसम्म तथा होम आइसोलेसनमा बसेकोमा सात दिनसम्मको लागि र कन्टयाक्ट ट्रेसिङमा परेकोमा सम्बन्धित सुपरिवेक्षकको अनुमति लिई कोभिड-१९ परीक्षण नगरेसम्म बढीमा पाँच दिनसम्मको लागि निजको संचित वा पाउने बिदाबाट कट्टा नहुने नगरी बिदा जनाउने ।

२०७८/१०/५

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी